राष्ट्रिय सभा

दिगो विकास तथा सुशासन समिति

मिति - २०७७/०६/११

समितिको ६८ औ बैठकको निर्णय

१. यस आ.व. २०७७/२०७८ को बार्षिक कार्यक्रम विवरणको आशय अनुरुप समितिले दिगो विकास र सुशासन प्रवर्धनको लागि सचेतनामूलक ,अन्तरक्रियात्मक, अनुगमन केन्द्रित , तीनै तहको सरकारवीच विकासलाई दिगो र सुशासनयुक्त बनाउन क्षमता आदान प्रदान केन्द्रित कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

२. समितिको निर्णय बमोजिम कोभिड संक्रमणको जोखिम समेतलाई मध्यनजर गरी विकास गतिबिधिको अनुगमन, सुशासनको समसामयिक सवालमा केन्द्रित भइ कार्यान्वयन एवं नियामक निकायसंग छलफल गर्ने निर्णय गरियो ।

३.दिगो विकासलाई कार्यमूलक बनाउन दिगो विकास लक्ष्यसंग सम्बन्धित विज्ञसंग छलफल गर्ने साथै नीतिगत सवालमा समेत छलफल गर्ने निर्णय गरियो । दिगो विकास र सुशासनको पैरवी र सचेतनाको लागि समितिले मिडिया समन्वय गरी विकास र सुशासन सम्बन्धी सचेतना बढाउने निर्णय गरियो ।

४.दिगो विकास र सुशासन प्रवर्धन गर्न कार्यान्यिन निकाय अन्तर्गतका निकायहरु त्था सम्बन्धी विषयगत मन्त्रालयका माननीय मन्त्रीलाई बैठकमा आमन्त्रण गरी कार्यप्रगतिबारे आगामि दिनमा छलफल गर्ने निर्णय गरियो । यस सन्दर्भमा प्राथमिकतामा गृह मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयका मा. मन्त्रीलाई बैठकमा आमंन्त्रण गरी छलफल गने निर्णय गरियो ।

५.समितिका माननीयहरुवीचको अनुभव आदान प्रदानको लागि भर्चुअल विधि र वैठकको बैधताको लागि आम्ने साम्ने बैठक मार्फत समीतिको कार्यप्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

६. समितिको अर्को बैठक सूचना जारी गरेपछि बस्ने गरि आजको बैठक स्थगित गरियो ।